# उमाकुण्ड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल


पत्र संख्याः ०८१/०८२

चलानी नं: ५६

उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

---

**साझा सुविधा केन्द्र भवन भाडामा लगाउने सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति :२०८१/०४/१३,ने.स.११४४ दिल्लागा ८,आइतबार**

उमाकुण्ड गाउँपालिका वडा नं ४ च्यादलु बजारमा रहेको साझा सुविधा केन्द्र भवन भाडामा लगाउने मिति २०८१/०४/१३ गतेको कार्यपालिकाको निर्णय बमोजिम तपशिलका शर्तहरुमा रहि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपूर्वक सिलवन्दी दररेट पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स | स्थान | न्यूनतम भाडा रकम | कोठा संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं ४ च्यादलु बजार | मासिक रु. १०,०००।०० | २ | |

शर्तहरु :

१. भाडामा लिन चाहने इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था तथा सहकारीले रु. ५००/-(अक्षरुपी रु पाँच सय मात्र ) दस्तुर उमाकुण्ड गाउँपालिकाको आन्तरिक राजश्व खातामा वा उमाकुण्ड गाउँपालिकाको राजश्व शाखामा जम्मा गरि सक्कल भौचर वा रसिद पेश गरि आवेदन फाराम गाउँपालिकाको राजश्व शाखावाट प्राप्त गर्न सकिने छ ।

२. कानूनले बन्देज गरेका कार्यहरुको लागि प्रयोग गर्ने गरि साझा सुविधा केन्द्र भाडामा उपलव्ध गराईने छैन । त्यस्तो व्यवसाय गर्ने गरि पेश भएको सिलवन्दी दररेट अस्वीकृत हुनेछ ।

३. व्यवसाय सञ्चालन गर्न चाहने इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था तथा सहकारीले कुन व्यवसाय सञ्चालन गर्ने हो, सोको संक्षीप्त विवरण सहित दर्ता प्रमाण पत्र, आन्तरिक राजश्व शाखा कार्यालयवाट प्राप्त मू.अ.क. वा स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा संचालक समिति वा प्रोप्राईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि निवेदनका साथ पेश गर्नुपर्नेछ ।

४. दर्ता भएका आवेदन ८ औं दिनको १ बजे कार्यालयका प्रतिनिधि र आवेदक वा आवेदकको प्रतिनिधिको रोहवरमा खोलिनेछ । आवेदक वा आवेदकको प्रतिनिधि अनुपस्थित रहे पनि सिलवन्दी दररेट खोल्न बाधा पर्ने छैन । आवेदन खोल्ने दिन सार्वजनिक विदा परेमा सो पछिको कार्यालय खुलेको दिन सिलवन्दी दररेट खोलिनेछ ।

५. रितपूर्वक प्राप्त आवेदन स्वीकृत भई स्वीकृत आवेदन मध्येबाट बढाबढको आधारमा सबैभन्दा बढी भाडा रकम कबोल गर्ने आवेदकलाई छनोट गरिनेछ । प्राप्त सिलबन्दी दररेट स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा निहित रहने छ ।

६. सबैभन्दा बढी भाडा कबोल गर्ने र सारभूत रुपमा प्रभावग्राही रहि छनोट भएका व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था तथा सहकारीले गाउँपालिकाको धरौटी खातामा कुल बार्षिक कबोल अंकको ५ प्रतिशतले हुने रकम जम्मा गरि छनोट भएको ७ दिन भित्र सम्झौताका लागि निवेदन पेश गर्नुपर्नेछ । प्रत्येक महिनाको २५ गते मासिक भाडा बुझाउनु पर्नेछ । भाडा नबुझाएमा नियमानुसार जरिवाना लाग्नेछ । लगातार २ महिना सम्म भाडा नबुझाए भाडा रकम धरौटीबाट कट्टी गरि असुल गरिने छ ।

७. सम्झौताको अवधि २०८२ असार मसान्त सम्मको हुनेछ ।

८. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछन् ।

रामचन्द्र लामा

प्रमुख प्रशासकीय अधिकृत

---